**संघीय संसद**

**प्रतिनिधि सभा**

**महिला तथा सामाजिक मामिला समिति**

**(बैठक निर्णय-४०)**

मितिः २०८१/०४/१६ गते

प्रारम्भः दिनको ११: ०० बजे

समाप्तः दिनको २ : ३० बजे

समितिको आजको बैठक माननीय सभापति श्री किरण कुमार साहको सभापतितत्वमा बसी निम्नानुसार छलफल तथा निर्णय गरियो ।

१. नेपालको संविधानको धारा २८७ मा भाषा आयोगको व्यवस्था छ । उक्त धाराको उपधारा ६ मा भाषा आयोगको काम कर्तव्य र अधिकार र ६ (ख) मा भाषाहरुको संरक्षण, संवर्द्धन र विकासमा लागि अवलम्बन गर्नुपर्ने उपायहरुको नेपाल सरकार समक्ष सिफरिस गर्ने व्यवस्था समेत रहेको छ । यसै परिप्रेक्ष्यमा देशको समग्र विकासको मूलप्रवाहमा आउन नसकेका जाति, वर्ग तथा समुदायको भाषाहरुको अवस्था र तिनीहरुको संरक्षण तथा संवर्द्धनमा भाषा आयोगले खेलेको भूमिका कस्तो रहेको छ भन्ने सम्बन्धमा भाषा आयोगसँग समितिमा छलफल भयो । छलफलका क्रममा नेपालमा बोलिने १२४ भाषा मध्ये ६ वटा भाषा मात्र सुरक्षित देखिएका र २३ वटा भाषाहरुमा एक हजारभन्दा कम वक्ताको संख्या रहेकाले मृत प्रायः भाषा कहलिएका छन् भन्ने बारेमा, राज्यको मूलधारामा आउन नसकेका जातजातिको भाषा अन्तर्गत आदिवासी जनजाति समुदायले बोल्ने भाषाहरु, मधेशी समुदायले बोल्ने भाषाहरु र मृत प्रायः भाषाहरुको अवस्थाको बारेमा आयोगबाट प्रस्तुती भयो । राज्य संरचना, भाषा, संस्कृतिमा अल्पसंख्यक वा लोपोन्मुख जातिको समावेशीकरण र मूलप्रवाहीकरणमा, शिक्षा सञ्चार र सहकारी प्रयोजनमा मातृभाषाको प्रयोग गर्ने, वक्ताको संरक्षण र भाषा कक्षा सञ्चालन मार्फत भाषिक पुस्तान्तरणमा जोड दिने एवं मातृभाषाको लागि समानुपातिक लगानीको सुनिश्चिततामा ध्यान दिने कार्यमा आयोग र समितिले सरकारलाई घच्घच्याउन सकिएमा देशको समग्र विकासको मूलप्रवाहमा आउन नसकेका जाति, वर्ग तथा समुदायको भाषाहरुको संरक्षण तथा संबर्द्धनमा सहयोग पुग्ने निष्कर्षमा पुगियो ।

२. समितिको अर्को बैठक सचिवालयबाट सूचना भएपछि बस्ने गरी आजको बैठक यहि स्थगित गर्ने निर्णय गरियो ।

**समितिको सचिव** **सभापति**